# बन्दीपुर गाउँपालिकाको

## कार्यपालिका बैठक माइन्युट

| मिति: २०८२।०५।०९, आइतबार | बैठक संख्या:१ (आर्थिक वर्ष २०८२।०८३) |
|---|---|
| अध्यक्षता | श्री सुरेन्द्र बहादुर थापा, गाउँपालिका अध्यक्ष |

| क्र. स. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | सुरेन्द्र बहादुर थापा | अध्यक्ष | |
| २ | पञ्चमाया गुरुङ | उपाध्यक्ष | |
| ३ | शिवकुमार श्रेष्ठ | १ नं वडा अध्यक्ष | |
| ४ | तिलक बहादुर कुँवर | २ नं वडा अध्यक्ष | |
| ५ | परमेश्वर भट्टराई | ३ नं वडा अध्यक्ष | |
| ६ | दान बहादुर थापा | ४ नं वडा अध्यक्ष | |
| ७ | ध्रुव प्रसाद लामिछाने | ५ नं वडा अध्यक्ष | |
| ८ | बल बहादुर गुरुङ | ६ नं वडा अध्यक्ष | |
| ९ | कौशिला परियार वि.क. | कार्यपालिका सदस्य | |
| १० | दमयन्ती थापा मगर | कार्यपालिका सदस्य | |
| ११ | उमा घर्ती | कार्यपालिका सदस्य | |
| १२ | हरी माया वि. क. | कार्यपालिका सदस्य | |
| १३ | मिन राम परियार | कार्यपालिका सदस्य | |
| १४ | जीवन भुजेल | कार्यपालिका सदस्य | |
| १५ | कमल बहादुर के.सी. | सदस्य-सचिव | |

**एजेन्डाहरू:**

| सि.नं. | एजेन्डाको संक्षिप्त विवरण |
|---|---|
| १ | बन्दीपुर बजार क्षेत्र प्लास्टिक मुक्त बनाउने बारे। |
| २ | श्री लक्ष्मीनारायण वैदिक पीठ नेपाल बन्दीपुर २ बारे। |
| ३ | कृषि स्नातक सूचना बारे। |
| ४ | बहुवर्षीय योजना बारे। |
| ५ | विविध। |

CamScanner

बन्दिपुर गाउँपालिका

पालिका बैठकका निर्णयहरुः-

| क्र.स | विषय क्षेत्र/एजेन्डाहरु | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | अघिल्लो बैठकको समीक्षा | अघिल्लो बैठकको निर्णय उपर छलफल गरि कार्यान्वयनको अवस्थाको समीक्षा गरियो । |
| २ | प्लाष्टिक मुक्त अभियान घोषणा सम्बन्धमा । | बन्दीपुर गाउँपालिका लाई २०८२/०५/२० गते प्लाष्टिक मुक्त अभियान घोषणा गर्ने र सो अगाडि आवश्यक निर्देशिका, कार्यविधि निर्धारण गर्ने निर्णय गरियो । |
| ३ | साझेदारी कार्यक्रम संचालन सम्बन्धमा । | बन्दीपुर गाउँपालिका वडा नं. २ स्थित लक्ष्मीनारायण वैदिकपीठ नेपालसंग गाउँपालिकाको आर्थिक स्रोतले भ्याएसम्म साझेदारीमा संचालन गर्ने निर्णय गरियो । |
| ४ | करार सेवामा जनस्वास्थ्य अधिकृत पदपूर्ति सम्बन्धमा । | संघीय शसर्त अनुदान तर्फको "म स्वास्थ्य, मेरो समुदाय स्वास्थ्य ,घर टोल स्वास्थ्य प्रवर्धन कार्यक्रम" संचालन गर्नका लागि जनस्वास्थ्य अधिकृत सातौं तह करार सेवामा पदपूर्ति गर्न सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो |
| ५ | कृषि स्नातक करारमा पदपूर्ति सम्बन्धमा । | संघीय शसर्त अनुदान तर्फ कृषि कार्यक्रम संचालन गर्न कृषि स्नातक करार सेवामा पदपूर्ति गर्न सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो |
| ६ | बहुवर्षिय योजना संचालन सम्बन्धमा। | बन्दीपुर स्थित सेराटार सुकौरा चिसापानी हटिया मोटर मार्गलाई बहुवर्षिया योजनाको रुपमा संचालन गर्ने निर्णय गरियो । |
| ७ | पार्क निर्माणका लागि स्रोत सुनिश्चितता सम्बन्धमा । | बन्दीपुर गाउँपालिका स्थित थानीमाई मन्दिर निर्माण एवं पार्क निर्माणका लागि रु ३५ पैतिस लाख हिउँदे अधिवेशनबाट स्रोत सुनिश्चित हुने गरि संचालन गर्ने निर्णय गरियो । |
| ८ | बगैचा सिढि निर्माण सम्बन्धमा | बन्दीपुर गाउँपालिका स्थित बगैचा सिढी निर्माणलाई प्रधानमन्त्री स्वरोजगार कार्यक्रमसँगै साझेदारि गर्ने निर्णय गरियो । |
| ९ | सार्वजनिक चौतारा निर्माण सम्बन्धमा। | बन्दीपुर गाउँपालिका क्षेत्रमा रहेका सार्वजनिक चौतारा मर्मत लाई प्रधानमन्त्री स्वरोजगार कार्यक्रमसँग साझेदारी गर्ने निर्णय गरियो । |
| १० | मनोनित सम्बन्धमा । | उपभोक्ता हित संरक्षणमा इन्कन खनाल बन्दीपुर-१ लाई र अनुगमन समितिमा दिपक श्रेष्ठ बन्दीपुर-१ लाई मनोनित गर्ने निर्णय गरियो । |
| ११ | आर्थिक सहायता सम्बन्धमा । | गत वर्ष कर्ण बहादुर गुरुङ बन्दीपुर-६ र कृष्ण बहादुर गुरुङ बन्दीपुर-६ लाई विपद राहत कोषबाट आर्थिक सहायता दिने निर्णय भएकोमा विविध कारणले उक्त रकम लिन नआउनु भएकोले आ.व. ०८२/०८३ को चालु वर्षमा दिने निर्णय गरियो । |
| १२ | विपद न्यूनिकरण र नियन्त्रणका लागि सामग्री खरिद सम्बन्धमा । | वर्षाको समयको कारण बन्दीपुर गाउँपालिका क्षेत्र भित्र आइपर्न सक्ने अप्रत्यासित बाढी पहिरो तथा अन्य क्षति तथा विपत आइपरेमा उक्त क्षति विपत्ति नियन्त्रण र न्यूनिकरण गर्न रु १ लाख रुपैया बराबरको त्रिपाल र रु ३ लाख बराबरको तारजालि खरिद गर्ने निर्णय गरियो। |
| १३ | बिक्रि तथा बातावरण शुल्क सम्बन्धमा। | आ.व. २०८२/०८३ को लागि "बिक्रि तथा बातावरण" शुल्कको न्यूनतम अंक १० (दश) लाख कायम गरि ठेक्का बन्दोबस्त गर्ने निर्णय गरियो। |

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

बन्दिपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दिपुर, तनहुँ
गण्डकी प्रदेश, नेपाल

उग्र बहादुर थापा
अध्यक्ष